# मालिकार्जुन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर , दार्चुला, सुदूरपश्चिमप्रदेश , नेपाल

प.स. २०७७/०७८

च.नं.

मिति: २०७७/०५/०८

**प्राकृतिक प्रकोपमा परेका पिडितहरुका लागि प्रकोप व्यवस्थापन कोषमा सहयोग रकम जम्मा गर्न आव्हान गरिएको सार्वजनिक सूचना ।**

अभिरल वर्षाका कारण बाढी पहिरो गई यस मालिकार्जुन गाउँपालिकाका विभिन्न वडा तथा बस्तीहरुमा ठुलो धन-जनको क्षति भएको छ । यति बेला गाउँपालिकाले कोरोना भाईरस महामारी र प्राकृतिक प्रकोप जस्ता ठुला विपत्तीहरुको सामना गरिराख्नु परेको छ । बाढी पहिरोका कारण ८६ घर परिवार विस्थापित भई अर्कोको घर, विद्यालयहरु र खालीचौरमा त्रिपालमुनी बस्नु परेको छ साथै कयौं ठाउँमा घरहरु उच्च जोखिममा रहेका छन, खेतीपाती नष्ट भएको छ, जग्गा जमीन गएको छ, स्वास्थ्य संस्थाहरु, विद्यालयहरु, बाटोघाटो, सडक, सिचाई, खानेपानी जस्ता विकासका पूर्वाधारहरु समेत प्रभावित भएका छन । यसको लागि आवश्यक खाद्यान्न, राहत तथा भौतिक पूर्वाधार निर्माणका लागि गाउँपालिकाको श्रोतबाट मात्रै सम्भव नहुने हुँदा यस्तो विपत्तीको घडीमा सहयोग गर्न ईच्छुक उद्योगपती, व्यापारी, संघ-संस्थाहरु तथा स्वदेश र विदेशमा बस्नु हुने महानुभावहरुलाई देहायको बैंक खातामा सक्दो सहयोग रकम जम्मा गरी प्राकृतिक विपत्तीमा परेका व्यक्तीहरुलाई सहयोग गर्न मालिकार्जुन गाउँपालिका कार्यालय हार्दिक अपिल गर्दछ ।

बैंकको नामः माछापुच्छ्रे बैंक लि., मालिकार्जुन शाखा

खाताको नामः प्रकोप व्यवस्थापन कोष

खाता नं.- ९१०१५२४६७४४९६०५७

(नरेन्द्र सिंह धामी)

अध्यक्ष

मालिकार्जुन गाँउपालिका

Website:-www.malikarjunmun.gov.np, Email:-mrmdarchula@gmail.com